**स्वतः नवीकरण (Auto renew) हुने गरी Value added Service (VAS) संचालन नगर्ने/नगराउने सम्वन्धमा प्राधिकरणबाट जारी**

**सार्वजनिक सूचना**

दूरसञ्चार सेवा प्रदायकहरुले संचालन गरेका Value added Service (VAS) सेवाको अवधि सकिन लागेको जानकारी उक्त सेवाका ग्राहकहरुलाई सेवा अवधी सकिनु अगावै एसएमएस मार्फत निःशुल्क रुपमा पठाउनु पर्ने, सेवा नवीकरण गर्ने/नगर्ने सम्बन्धमा एसएमएस मार्फत ग्राहकको प्रतिक्रिया माग गर्नु पर्ने, एसएमएस मार्फत नवीकरण गर्न अनुरोध गर्ने ग्राहकका लागि सेवा प्रदायकले सो सेवा नवीकरण गर्ने व्यवस्था गर्नु पर्ने तर एसएमएस मार्फत नवीकरण नगर्ने जानकारी गराउने तथा कुनै प्रतिक्रिया नजनाउने ग्राहकहरुका लागि उक्त सेवा स्वतः नवीकरण नगर्न नगराउन प्राधिकरणबाट बिभिन्न समयमा निर्देशन दिईएको छ । हाल सामाजिक संजालहरुमा प्राधिकरणले दिएको निर्देशन विपरित स्वतः नवीकरण हुने गरी VAS सेवा संचालन गरेको भन्ने बुझिन आएकोले कसैले पनि स्वतः नवीकरण हुने गरी VAS सेवा संचालन नगर्नु/नगराउनु हुन सूचित गरिन्छ।कसैले पनि प्राधिकरणको निर्देशन विपरित स्वतः नवीकरण हुने गरी VAS सेवा संचालन गर्ने/गराउने गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी सहित यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः उपरोक्त निर्देशन विपरित कोही कसैले पनि स्वतः नवीकरण हुने गरी VAS सेवा संचालन गरेको विषयमा कसैलाई जानकारी भएमा तल उल्लिखित ठेगानामा सम्पर्क/सूचित गर्नुहुन समेत यसै सूचना मार्फत अनुरोध गरिएको छ ।

**नेपाल दूरसञ्चार प्राधिकरण**
कानून शाखा
जमल, काठमाडौं, नेपाल
फोन नं. +९७७-१-५३५५४७४
Email: info@nta.gov.np, URL: www.nta.gov.np